मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

मुस्कुराउँदै वर्षा : पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ३१ गते शनिवार (Saturday, June 13. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



## जथाभावी सडक निर्माण कार्यमा रोक

**पाँचथर, जेठ ३०।** पाँचथरको याङवरक गाउँपालिकाले जथाभावी सडक निर्माण गर्ने कार्यमा रोक लगाएको छ।

काठको गोलियालगायत वनजन्य सामग्री निकासीका लागि अनुमतिबिना सडक निर्माण गर्ने कार्यमा गाउँपालिकाले रोक लगाएको हो। ग्रामीण क्षेत्रबाट वनजन्य सामग्री निकासीका लागि व्यवसायी र स्थानीयवासीले सरकारी निकायको अनुमतिबिना सडक निर्माण गर्ने गरेका थिए। याङवरक गाउँपालिका-१ च्याङ्थापूमा गोलिया निकासीका लागि सडक निर्माण गर्ने क्रममा विवाद आएपछि उक्त विषय गाउँपालिकासम्म पुगेको थियो। यसपछि गाउँपालिकाले अनुमति तथा प्राविधिकको परामर्शबिना जथाभावी सडक निर्माणमा रोक लगाएको हो।

गाउँपालिकाका अध्यक्ष लेखनाथ घिमिरेले ठूलो परिमाणमा वनजन्य सामग्री निकासी हुने गरेको आफ्नो गाउँपालिकामा अनुमतिबिना सडक निर्माण गर्ने कार्यमा रोक लगाइएको बताए। वन, वातावरण तथा भूसंरक्षण आफ्नो क्षेत्राधिकारको विषय रहेकाले स्थानीय तहको अनुमति बिना सडक निर्माणमा रोक लगाएका हौं- उनले भने- गाउँपालिकाको अनुमति तथा प्राविधिकको रायबिना सडक निर्माण गरे कानूनी कारवाही गर्ने नीति तय गरेका छौं। गोलियालगायत वनजन्य सामग्री निकासीका लागि निजी वनका धनी र व्यवसायीहरुले आफ्नो स्वेच्छाले सडक विस्तार गर्ने गरेका थिए।

यसरी हुने सडक विस्तारले प्रतिकूल वातावरणीय प्रभाव पार्नुका साथै पहिरो र भूक्षयको जोखिम बढेकाले सडक निर्माणलाई व्यवस्थित बनाउन लागिएको गाउँपालिका अध्यक्ष घिमिरेले बताए। डिभिजन वन कार्यालय पाँचथरका सूचना अधिकारी राजकुमार खत्रीले वनजन्य सामग्री निकासीका लागि हुने सडक निर्माणले सडक विस्तारमा सहयोग गरे पनि वातावरणीय प्रभावबारे ख्याल नगरिएको बताए। व्यवसायीहरुले आफ्नै लगानीमा सडक निर्माण गर्नाले कतिपय ठाउँमा फाइदा त पुगेका छन्। तर प्राविधिक मूल्याङ्कनबिनाका

(बाँकी अन्तिम पृष्ठमा)

# पूर्वाञ्चल दैनिकले गरिदियो

# झापाका १०१ पत्रकारको कोरोना बीमा



**बिर्तामोड, जेठ ३०।** झापाका १०१ जना सञ्चारकर्मीको शुक्रबार पूर्वाञ्चल दैनिकले कोरोना उपचार बीमा गरिदिएको छ।

जिल्लाकै अग्रणी सञ्चार संस्था पूर्वाञ्चल दैनिकले आफ्नो रजत वर्षको उपलक्ष्यमा सञ्चारकर्मीको कोरोना बीमा गरिदिएको पत्रिकाका प्रधान सम्पादक एकराज गिरीले जानकारी दिए। पेशागत बीमा समाज बिर्तामोड (आइपीएस) संगको सहकार्यमा पूर्वाञ्चल दैनिकले सञ्चारकर्मीको बीमा गरेको हो।

पेशागत बिमा समाज बिर्तामोडका अध्यक्ष सन्तोष उप्रेतीलाई एक कार्यक्रमकाबीच पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक गिरी र व्यवस्थापक चन्द्रकान्त ढकालले बीमाका लागि १०१ सञ्चारकर्मीको विवरणसहित रकम प्रदान गरेका थिए।

आईपीएसका अध्यक्ष उप्रेतीका अनुसार बीमा एक लाख रुपैयाँको हुने छ। बीमा गरिएका सञ्चारकर्मीमा कोरोना संक्रमण देखिए एक लाख रुपैयाँ बीमा कम्पनीले उपलब्ध गराउने छ। बीमा भएको १४ दिनपछि मात्र दाबी लागू हुने बताइएको छ।

जिल्लाका अग्रज तथा पछिल्लो पुस्ताका सक्रिय सञ्चारकर्मीहरुको बीमा गरिएको हो। जिल्लाको अग्रणी र ठूलो सञ्चार संस्था पूर्वाञ्चल दैनिकले कोरोना महामारीकाबीच सामाजिक उत्तरदायित्व बहन गर्दै जिल्लाका सञ्चारकर्मीको सुरक्षालाई मध्यनजर गरी बीमा गरिएको बताइन्छ। नेपाल पत्रकार महासंघ झापा शाखालाई समेत यो कार्यमा सहयोग पुर्‍याउन आफ्नो रजत वर्षको उपलक्ष्यमा पूर्वाञ्चल दैनिकले १०१ सञ्चारकर्मीको कोरोना बीमाको दायित्व वहन गरेको प्रधान सम्पादक गिरीले बताए।

सेवालाई नै प्राथमिकता दिएको आईपीएसले पूर्वाञ्चलसंग यस कार्यमा सहकार्य गरेकोमा अध्यक्ष उप्रेतीसहित सिंगो टिमलाई कार्यकारी व्यवस्थापक होमप्रकाश अधिकारीले धन्यवाद ज्ञापन गरे। केही समय अघिमात्र स्थापित आईपीएस सामाजिक उत्तरदायित्व वहनका साथ अघि बढेको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ प्रदेश समिति सदस्य रेजिना रोदनले महामारीका बेला सञ्चारमाध्यम आफै संकटमा परेको बेला पूर्वाञ्चल दैनिकले पत्रकारको सम्भावित आर्थिक भार बहनका लागि गरेको योगदान प्रशंसनीय रहेको बताइन्।

पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराईले १०१ पत्रकारको कोरोना बीमा गरिदिएर पूर्वाञ्चलले स्तुत्य कार्य गरेको बताए। आइपीएसका अध्यक्ष उप्रेतीले अकडाउनको साता अघि जन्मिएको संस्था सेवामुखी भावनाले अघि बढेको बताए।

(बाँकी अन्तिम पृष्ठमा)

## पर्यटन पदमार्गको निर्माण तीव्रगतिमा

**खोटाङ, जेठ ३०।** साकेला गाउँपालिकाले पर्यटकीयस्थल टेम्केडाँडा जोड्ने पर्यटन पदमार्ग निर्माण शुरु गरेको छ।

खोटाङ र भोजपुरको सिमानामा पर्ने पर्यटकीयस्थल टेम्केडाँडाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले साकेला गाउँपालिका-४ मात्तिम मानेभञ्ज्याङदेखि चखेवाभञ्ज्याङ पुग्ने पदमार्ग निर्माण शुरु गरिएको हो।

मानेभञ्ज्याङदेखि चखेवाभञ्ज्याङबीचको करिब सात किलोमिटर दूरीमध्ये हालसम्म करिब पाँच किलोमिटर खण्डमा ढुङ्गा सोलिङ गर्ने काम सकिएको गाउँपालिका प्रमुख अर्जुनकुमार खड्का 'झङ्कार'ले बताए। गाउँपालिकाको स्वीकृत कार्यक्रमअनुसार पर्यटन पदमार्ग निर्माण गर्न प्रदेश सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा रु २० लाख र आर्थिक वर्ष २०७६/७७ मा रु ४० लाख रकम प्राप्त भएको थियो- उनले भने- क्रमागत योजनाअन्तर्गत पर्ने पदमार्गको एक मिटर २० सेन्टीमिटर चौडाइमा ढुङ्गा सोलिङ गर्ने गरी पदमार्ग निर्माणको काम थालिएको हो।

पदमार्गमा ढुङ्गा सोलिङको काम सकिएपछि ठाउँ-ठाउँमा विश्रामस्थल, पाटी, खानेपानीलगायतका संरचना निर्माण गरिने जनाइएको छ। यस्तै सो पदमार्गमार्फत टेम्के तथा सो आसपासका रमणीयस्थलमा सजावट गर्ने, हरियाली पार्क बनाउने लक्ष्य राखिएको गाउँपालिका प्रमुख खड्काले बताए। भविष्यमा पदमार्ग आसपासमा होमस्टे (घरवास), घोडाबाट यात्रा गर्ने/गराउने जस्ता व्यवसायमूलक सेवा सञ्चालनको वातावरण सिर्जना हुने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेख छ। पदमार्गका माध्यमबाट पर्यटकीयस्थल मानेभञ्ज्याङस्थित मपारुङ भिरलाई समेत पर्यटन पदमार्गका रुपमा जोड्ने लक्ष्य राखिएको छ।

कृत्रिम ताल निर्माणको काम थालिएको अर्को पर्यटकीयस्थल तावाभञ्ज्याङबाट पनि टेम्के पुग्ने छुट्टै

(बाँकी अन्तिम पृष्ठमा)

# 'नेपालीहरूमा संक्रमण घट्दो क्रममा'

**झापा, जेठ ३०।** संसद्मा बोल्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले देशभित्रभन्दा देशबाहिर रहेका नेपालीहरू धेरै संख्यामा कोरोनाभाइरस सङ्क्रमित रहेको अनि विदेशमै धेरैको ज्यान गएको बताएका थिए।

भारत तथा दक्षिण एशियाका अरू देशबाहेक अन्यत्र बसोबास गरिरहेका नेपाली नागरिक हालसम्म १४ हजार चार सय ५४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको अनि तीमध्ये १२७ जनाको ज्यान गएको गैरआवासीय नेपाली संघको तथ्याङ्कले देखाउँछ।

कैयौं नेपालीहरूले आफ्नो स्वास्थ्य अवस्था बताउन नचाहने हुँदा वास्तविक सङ्क्रमितको संख्या योभन्दा बढी हुन सक्ने बताइएको छ। तर, केही सातायता नेपालभित्र सङ्क्रमणको दर बढिरहेको भए पनि बाहिर भने नेपालीहरू सङ्क्रमित हुने दर घटिरहेको संघका अध्यक्ष कुमार पन्तले जानकारी दिए।

जुन हिसाबमा विदेशमा खासगरी युरोपेली देश, अमेरिका अनि जापान, दक्षिण कोरियाजस्ता देशमा राज्यले नियन्त्रण र रोकथाम गरिरहेको छ त्यसैको परिणाम हो त्यहाँ रहेका नेपालीहरूमा पनि सङ्क्रमण घटिरहेको छ- पन्तले भने। संघका अनुसार नेपालीमाझ यो साता अघिल्लो साताभन्दा सङ्क्रमण दर ७५ प्रतिशतले घटेको छ। संघका अनुसार सबभन्दा धेरै नेपालीको मृत्यु यूकेमा भएको छ। शुरुमा सबभन्दा धेरै मृत्यु यूकेमा अनि सबभन्दा धेरै सङ्क्रमित अमेरिकामा पाइएको थियो। अब मध्यपूर्वका देशहरूमा पनि धेरै संख्यामा यो बढेको छ- पन्तले भने।

चौतीस देशमा रहेका नेपालीहरूमा सङ्क्रमण पाइएको छ भने १३ देशमा नेपालीको ज्यान गएको छ। प्रायः सङ्क्रमितको अवस्था राम्रो रहेको पन्तले बताए। सबैजसोले राम्रो उपचार पाइरहेका छन्। यो सङ्क्रामक रोगको विषय भएकाले पनि हुन सक्छ कुनै भेदभावविना हरेक देशले सबैलाई उपचार दिइरहेको पाइन्छ। भारतमा सङ्क्रमण तीव्र वृद्धि भइरहेको हुँदा त्यहाँ धेरै संख्यामा नेपालीहरू सङ्क्रमित हुन सक्ने ठानिएको छ। तर त्यहाँको तथ्याङ्क उपलब्ध छैन।

नेपालमा फेला परेका सङ्क्रमितमध्ये अधिकांश भारतबाट फर्किएका नेपाली भएको अधिकारीहरूको भनाइ छ। विदेशका नेपालीलाई स्वदेश फिर्ती गराउने नेपाल सरकारको निर्णयको संघले स्वागत गरेको छ।

सरकारले लकडाउन भएको ७४ दिनपछि सरकारले पहिलो पटक म्यान्मारबाट २६ र यूएईबाट १६८ जना नेपाली फर्काएको छ। विदेशबाट नेपाल फर्किन लागेका अन्य नेपालीहरूको फिर्ती प्रक्रियालाई व्यावहारिक बनाउन संघले नेपाल सरकारलाई आग्रह गर्ने भएको छ- सरुङ्गले भनेको छ।

अध्यक्ष पन्तका अनुसार खासगरी मध्यपूर्वमा अप्ठ्यारोमा मा परेका श्रमिक अनि विभिन्न कामका सिलसिलामा युरोप वा अमेरिका पुगेका नेपालीहरू घर फर्किन आतुर छन्। यसै साता कुवेतबाट फर्किएका नेपाली महिलाहरूको समूह काठमाडौं आइपुगेको छ। यसै पनि यहाँ चेकजाँच हुने र त्यहाँ पनि चेकजाँच हुने हुँदा उनीहरू फर्किंदा सङ्क्रमण बढ्ने कमै सम्भावना छ- उनले भने।

तर नेपाल सरकारले घर फर्किनेहरूका लागि पीसीआर परीक्षणमा सङ्क्रमण नभएको देखिने प्रतिवेदन अनिवार्य बनाइएकोमा संघले चिन्ता प्रकट गरेको छ। पीसीआर परीक्षण गरेर कोरोनाभाइरस सङ्क्रमण नभएको प्रमाणपत्र लिने कुरा विदेशमा पनि जटिल नै छ। बरु त्यसको साटो

(बाँकी अन्तिम पृष्ठमा)

## कारको ठक्करबाट साइकलयात्रीको मृत्यु

**मोरङ, जेठ ३०।** मोरङ सुन्दरहरैचा-६ स्थितमा बस्ने ४२ बर्षीया हिमा आचार्यको कारको ठक्करबाट मृत्यु भएको छ।

सुन्दरहरैचा दुलारी चौक राजमार्गमा को१च ८४८३ नम्बरको कारले साइकलयात्री हिमा आचार्यलाइ ठक्कर दिई गम्भीर घाइते भई न्यूरो अस्पताल बिराटनगरमा उपचार भइरहेकोमा उपचारकै क्रमम उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। कार र कार चालक सुनसरी इटहरीका ललित बिक नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ।


## सूचना

- निर्धारित मोलभन्दा बढी मोल लिई मालवस्तु विक्री गरी कालोबजारी गर्ने, अत्यधिक मुनाफा लिने, मालवस्तुको विचलन जम्माखोरी तथा कृत्रिम अभाव सिर्जना गर्ने, झुक्याई विक्री वितरण गर्ने जस्ता गैरकानूनी क्रियाकलापहरु नगरौं र नगराऔं।
- सार्वजनिक यातायात स्वच्छ प्रतिस्पर्धा कायम गरौं। आपसी सम्झौताका आधारमा आलोपालो प्रणाली (सिण्डिकेट) लगाई उपभोक्ताहरुलाई ठगी गर्ने काम बन्द गरौं र गराऔं।
- सबै सामानहरुको अद्यावधिक मूल्य सूची पसलमा राखौं र तोकिएको मूल्यभन्दा बढी मूल्य नलिऔं। उपभोक्ताहरुले मूल्य सूची राखे नराखेको हेरी मूल्य भिडाई मात्र सामान खरिद गर्ने बानी बसालौं।
- कमसल तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तुको उत्पादन, विक्री वितरण नगरौं र नगराऔं। उपभोक्तालाई झुक्याउने गरी वस्तुको नक्कल गर्ने, निम्नस्तरको वस्तु वा सेवालाई उच्चस्तरको भनी ढाँट्ने वा झुक्याउने, झुट्टा वा भ्रमात्मक प्रचारप्रसार गर्ने काम नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


## ५४ जना श्रमिकलाई राहत



**बिर्तामोड, जेठ ३०।** नेपाल ट्रेड युनियन कांग्रेस झापाले बिर्तामोड क्षेत्रमा रहेका नेपाल रिक्सा तथा ठेला श्रमिक संघ र नेपाल अटो तथा ई-रिक्सा चालक संघसँग आबद्ध बिपन्न परिवारका ५४ जना श्रमिकलाई राहत बितरण गरेको छ।

नेपाल ट्रेड युनियन काग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीको अध्यक्षता तथा संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, बिर्तामोड नगरपालिका वडा नं ४का वडाध्यक्ष कूलप्रसाद संग्रौला लगायतले शुभकामना मन्तव्य राखेका थिए।

(बाँकी अन्तिम पृष्ठमा)


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





# 'एकका लागि एक अभियानसँग सहकार्य गर्दै विपद्मा सहयोग गर्दैछौं'



**नवीन पोखरेल- उपाध्यक्ष, अन्तराष्ट्रिय झापाली समाज**

**अन्तर्राष्ट्रिय झापाली समाज अहिले के गरिरहेको छ ?**

- हाल हामी यो विषम् परिस्थितिलाई मध्यनजर गर्दै झापाका सबै पालिकाहरुमा भिटिएम किट बितरण गरिसकेर दोश्रो चरणको राहत अभियानको बारेमा छलफलमा छौं । पहिलो चरणमा हामीले झापाका १५ वटै स्थानीय तहमा पुगेर प्रमुख तथा उपप्रमुख र प्रशासकीय अधिकृतहरुसंग छलफल गरेर भीटीएम किट प्रदान गरेका हौं । हामीले स्थानीय तह पुगेर प्रत्येक पालिकालाई एक एक सय भीटिएम किट प्रदान गरेका थियौं । पहिलो चरणमा एक/एक सय किट वितरण गरेको र हामीले १६ सय किट वितरण गर्ने मनसायले यो अभियान थालेका थियौं । बाँकी रहेको एक सय थान किट जिल्ला प्रशासन कार्यालय झापालाई प्रदान गरिएको छ ।

**एकका लागि एक अभियानसंगको सहकार्यमा कोरोना परीक्षण प्रयोगशाला खरिदका लागि सहयोग गर्न लाग्नु भएको हो ?**

- मानवीय सेवामा हामी सदैव तल्लीन हुन्छौं । यो महामारीमा पनि हामीले आफ्नो ठाउँबाट प्रयत्न गरिरहेको अवस्था छ । झापामा शुरु भएको अभियान अत्यन्तै राम्रो भएकाले हामीले पनि यो अभियानमा एक्यवद्धता जनाउँदै महत्वपूर्ण सहयोग गर्ने प्रतिबद्धता अनुसार अगाडि बढिरहेको छौं ।

**कति सहयोग गर्ने सोच बनाउनु भएको छ ?**

- अहिले यति नै भनेर हामीले रकम तोकेको छैनौ । रकम संकलनकै क्रममा छौं । तर, ल्याब स्थापना गर्ने मुख्य संस्थाहरुमध्ये अन्तर्राष्ट्रिय झापाली समाज पनि एउटा मुख्य संस्था हुनेछ ।

**भावी कार्यक्रम के–के छन् ?**

- अब हामी तुरुन्त दोश्रो चरणको राहत वितरणमा लाग्ने छौं । झापाका पालिकाहरुको आवश्यकता अनुसार कुन पालिकालाई के-को आवश्यकता छ उक्त कुरा हामी राहत स्वरुप उपलब्ध गराउने योजना रहेको छ । हामी छलफलको क्रममा रहेको छौं । साथै, एकका लागि एक अभियानको सहकार्यमा ल्याबको स्थापनालाई सहयोग गर्ने योजना छ । त्यसैगरी बर्खायाममा आइपर्ने बाढी लगायत अन्य प्रकोप हरुलाई मध्यनजर गर्दै योजनाहरु बनाइरहेका छौं ।

**कोरोना परीक्षणका लागि ल्याव स्थापना गर्ने सकारात्मक सोच यहाँहरुले बनाई रहँदा स्थानीय तहको भूमिका कस्तो पाउनु भयो ?**

- हामी भिटिएम किट बितरण गर्न जाँदा सबै स्थानीय तहहरुसँग हाम्रो छलफल र परामर्श भयो । यो कदममा उहाँहरु सबै अत्यन्त उत्साहित हुनुभएको छ र यसको स्थापना र सञ्चालनमा स्थानीय निकायहरुको पनि साथ र सहयोग रहने सबै पालिका प्रमुख उपप्रमुखहरुले प्रतिबद्धता जनाउनुभएको छ ।

**यहाले भिटिएम किट प्रदान गर्न सबै स्थानीय तह पुगिरहँदा कोरोना रोग नियन्त्रणका लागि कहाँ चुकेका रहेछन् स्थानीय तह ?**

- हामी सबै पालिका पुग्दा कुनै पालिकाले ब्यवस्थित क्वारेन्टाइन बनाएको पाइयो भने कुनैमा त्यति ब्यवस्थित पाइएन, त्यसैगरी अनिबार्य मास्कको प्रयोग, समाजिक दुरि कायम गराउने, पसल इत्यादि सञ्चालनमा ब्यवस्थित नभएको पाइयो ।

**अब स्थानीय तहले के गर्न जरुरी छ ?**

- कोरोनाको रोकथाम र नियन्त्रणको लागि स्थानीय स्तरमा जनचेतना फैलाउने कार्यक्रमहरु गर्ने, बिस्तारै लकडाउन खोल्न र अत्यावश्यक कुराहरु खोल्नको लागि मापदण्ड अनुसारको सतर्कता विधि अपनाउने, क्वारेन्टाइन हरुलाई व्यवस्थित गर्ने, थप क्वारेन्टाइनहरु बनाउने इत्यादि कार्यहरु गर्न जरुरी छ ।

**स्थानीय तहले यहाँहरुलाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभयो ?**

- अत्यन्त राम्रो पाइयो, सबैले सहकार्य गरिदिएकोमा खुशी व्यक्त गर्नु भयो भने त्यहाँका अन्य आवश्यक राहत सामग्रीहरुको बारेमा जानकारी गराउँदै सबै कार्यमा एकसाथ भएर अगाडि बढ्न सुझाव दिनुभयो ।

**सामाजिक संस्था हो अन्तर्राष्ट्रिय झापाली समाज । तर, जनमानसमा विदेशी डलर भित्र्याएर समाजले केही भिटिएम किट र मास्क दिएर डलर कुम्ल्याउछन् भन्ने आक्षेप पनि यहाँहरुलाई लाग्ने गरेको छ नि के भन्नुहुन्छ ?**

- यो अत्यन्त निष्कृस्ट बिचार हो । अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित संस्थाहरु कसरी परिचालित हुन्छन् यसका आयश्रोत के हुन् भन्ने कुरा नबुझ्नेहरुले यस्तो आक्षेप लगाउने गर्छन् । के बुझ्नु जरुरी छ भने सामाजिक संस्थालाई कुनै सरकारी निकाय वा अन्य कुनै तह तप्काबाट अनुदान आउने हुँदैन । सिँधै सरकारका परियोजना हरुलाइ लागू गर्ने संस्थाहरुमा भने अनुदान रकम सहयोग आउँछ होला तर हाम्रा जस्ता सामाजिक संस्था जुन हामीबाट नै स्थापित हुन्छन् । हामीले नै सञ्चालन गर्नुपर्ने हुन्छ यस्ता संस्थाहरुको आयश्रोत भनेको सदस्यता शुल्क र संस्थामा आबद्ध संस्था र व्यक्तिहरुबाट आवश्यकता हेरेर व्यक्तिगत अनुदान मात्र हो त्यसो हुँदा हामी झापामा कुनै सहयोग वा अन्य सामाजिम कार्य गर्दा आफ्नै संस्थाभित्रबाट आफ्नो गोजीको जुन दिन रात मेहनत गरेर कमाएको हुन्छ उक्त रकम सबै सदस्यहरुबाट उठाएर आफ्नो जिल्लामा आइपरेको विभिन्न यस्ताखाले समस्याहरुमा सहयोग गर्ने गरेको छौं ।

**अन्तर्राष्ट्रिय झापाली समाजको सहयोग झापालाई मात्रै हो कि अन्य जिल्लाका लागि पनि हुन्छ ?**

- यो विभिन्न मुलुकमा स्थापित झापाली समाजहरुको छाता संगठन भएकोले हाम्रो सामाजिक उद्देश्य हालको लागि हामीले कार्यक्षेत्र झापा जिल्लालाइ मात्र बनाएका छौं ।

**तपाईले आफै व्यक्तिगत रुपमा कुनै पनि सहयोग गर्नु भएको छ ?**

- छ, म पनि यही समाजमा हुर्किएको मान्छे हुँ । पहिला म अनि मेरो समाज । त्यही समाजमा हुर्किएको म त्यसपछि मात्रै यो संस्थामा जोडिएको हुँ । अहिले नेतृत्व तहमा छु । तथापी म आवद्ध समाजले सहयोगको हात अघि बढाइरहदा मैले पनि केही गर्नुपर्छ भनेर थोरै भएपनि सहयोग गर्दै आएको छु ।

अन्तर्राष्ट्रियस्तरको एन ९५ मास्क वितरण गरेको छु । १२५ थान मास्क प्रदान गर्दा झण्डै ३५ हजार रुपैयाँ खर्च भएको छ । नेपाली कांग्रेस हल्दिबारिलाई अन्तर्राष्ट्रियस्तरको मास्क १०० थान प्रदान गरेको छु । त्यहाँ पनि ३० हजार रुपैयाँ खर्च भएको छ । त्यस्तै नेपाली कांग्रेस बाह्रदशीलाई पनि अन्तर्राष्ट्रियस्तरको मास्क १२५ थान प्रदान माष्क प्रदान गरेको छु ।

त्यसलाई ३५ हजार रुपैयाँ खर्च भएको छ । वाह्रदशी २ मा र ४ लाई २ क्वीन्टल चामल राहत प्रदान गरिएको छ । यसलाई १० हजार रुपैयाँ खर्च भएको छ । बिर्तामोड नगरपालिका वड नं. १० लाई ४ क्वीन्टल चामल राहत स्वरुप २० हजार र नेपाली कांग्रेस भद्रपुर २ क्वीन्टल चामल प्रदान गरेको छु । यसका लागि १० हजार रुपैयाँ खर्च भएको छ ।

**अन्त्यमा के भन्न चाहानहुन्छ ?**

- झापाबासी सबैमा यो विषम् परिस्थितिमा आफ्नो आत्मबल दह्रो बनाएर कोरोनासँग लड्न सक्ने क्षमतालाई बिकास गर्नु होला । सजगताका उपायहरु अवलम्बन गर्दै आफूलाई जोगाउनु होला । हामी अन्तर्राष्ट्रिय झापाली समाज यहाँहरुको लागि सँधै जुनसुकै परिस्थितिमा पनि आइपरेको बिपद्मा साथ छौं । सुरक्षित रहनु होला भन्न चाहन्छु ।

**प्रस्तुतिः सुरेन्द्र भण्डारी**



## चालक अनुमतिपत्र छपाइ जारी

**झापा, जेठ ३०।** यातायात व्यवस्था विभागले बन्दाबन्दीको अवधिमा झण्डै दुई लाख ५० हजार स्मार्ट चालक अनुमतिपत्र छापेको छ । छाप्न बाँकी अनुमतिपत्रको संख्या पनि झण्डै त्यति नै रहेको विभागले जनाएको छ ।

बन्दाबन्दी जारी रहँदा विभागले चालक अनुमतिपत्र छपाइलाई निरन्तरता दिइरहेको हो । गतबैशाख महिनासम्म झण्डै एक लाख ४० हजार र यही जेठ महिनामा एक लाखभन्दा बढी अनुमतिपत्र छपाइ भएको छ । आवश्यक स्वास्थ्य सावधानी र सामाजिक दूरी कायम गरेर छपाइ अघि बढाइएको विभागका महानिर्देशक गोगनबहादुर हमालले बताए । सरकारले गत चैत ११ गतेदेखि 'लकडाउन' लागू गरेपछि १० दिनसम्म छपाइ ठप्प थियो । उनले भने- चैत २० गतेदेखि अहिलेसम्म नियमितरुपमा अनुमतिपत्र छापिरहेको छौं ।

केही वर्षदेखि चालक अनुमतिपत्रको छपाइमा ढिलाइ हुँदा सेवाग्राही हैरान थिए । झण्डै पाँच वर्ष पहिले हस्तलिखित अनुमतिपत्र विस्थापित गरी 'स्मार्ट' चालक अनुमतिपत्र छाप्न थालिएको थियो ।

### पर्यटन ...

पदमार्गको अवधारणा अघि सारिएको छ । तावाभञ्ज्याङमा प्रदेश नं १ कै नमूना ताल निर्माण गर्ने गरी काम थालिएको उक्त तालको लम्बाइ ६५० मिटर र चौडाइ ५०० रहने विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) तयार गरिएको छ । समुद्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको तावाभञ्ज्याङ प्राकृतिक सौन्दर्य तथा विभिन्न वन्यजन्तु अवलोकन गर्न समेत सकिने ठाउँमा पर्दछ । कृत्रिम ताल निर्माणपछि टेम्के, मैँयूलगायत प्राकृतिक सौन्दर्यताको अवलोकन गर्न यसले मद्दत गर्ने गाउँपालिका प्रमुख खड्काको भनाइ छ ।

तीन हजार १० मिटर उचाइ भएको पर्यटकीयस्थल टेम्केडाँडामा हिउँदयाममा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो आवागमन हुने गरेको छ । जैविक विधिताले भरिपूर्ण टेम्केडाँडाबाट सर्वोच्च शिखर सगरमाथा तथा उच्च हिमाली श्रृंखलाका साथै तराईका फाँटको दृश्यावलोकन सजिलै गर्न सकिन्छ । हरेक वर्षको वैशाख १ गते, बालाचतुर्दशी, रामनवमीलगायतमा मेलासमेत लाग्ने टेम्केडाँडासम्म पुग्ने पदमार्ग निर्माणको कामले तीव्रता पाएसँगै स्थानीयबासिन्दा हर्षित बनेका छन् । दूरीका हिसाबले नजिकै रहेको टेम्केडाँडा सहजरूपमा आवतजावत गर्ने बाटो नभएका कारण समस्या झेल्दै आएका स्थानीय बासिन्दा ढिलैगरी भए पनि पदमार्ग निर्माणको कामले तीव्रता पाएपछि हर्षित बनेका हुन् ।

टेम्केडाँडामा निर्माणाधीन किराँत गणतान्त्रिक भ्यूटावरको काम भने अहिले अलपत्र अवस्थामा छ । विसं २०६६ मा निर्माण शुरु भएको सो भ्यूटावरका लागि जग खन्नेबाहेक अन्य काम अघि बढेको छैन । टेम्केडाँडामा निर्माणाधीन ३४ तले भ्यूटावर ३२ मिटर गोलाइ र ३६५ फिट अग्लो बनाउने लक्ष्य राखिएको छ । अहिलेसम्म टेम्केडाँडादेखि मुनि आधार शिविरमा बेसक्याम्प र सात दशमलव पाँच किमीको कच्ची सडक मात्र निर्माण भएको छ ।

टेम्केडाँडामा भ्यूटावर निर्माणको काम थालेपछि सबैलाई चासोको विषय बनेको थियो । तत्कालीन नेकपा माओवादी नेताको परिकल्पनामा निर्माणकार्य थालिएको भ्यूटावरले निरन्तरता नपाएपछि स्थानीयवासी अन्योलमा परेका छन् ।

### जथाभावी ...

कामले धेरै क्षति पुऱ्याउने गरेको छ- उनले भने । जिल्लास्तरमा वातावरण संरक्षणको अनुगमन गर्ने निकाय नहुँदा प्रतिकूल असर पर्ने गरी काम हुनसक्ने खत्रीको आशङ्का छ । स्थानीय तहले वन, वातावरण तथा पर्यावरण जोगाउन लिएको पहल सकारात्मक रहेको उनको भनाइ छ ।

यद्यपि याङ्वरक गाउँपालिकाले थालेको प्रयास अन्य स्थानीय तहमा भने शुरु भएको छैन । अन्य स्थानीय तहभन्दा बढी वनजन्य सामग्री रहेका कारणसमेत आफूहरुले वन, वातावरण र पर्यावरणका सन्दर्भमा बढी चासो दिएको अध्यक्ष घिमिरेको भनाइ छ । उनले भने- हामी कहाँ वर्षौंसम्म वनजन्य सामग्री निकासी हुनसक्ने निजी वनहरु छन् । हामीले वन, वातावरण र पर्यावरणलाई ख्याल गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीसमेत वृद्धि गर्ने उद्देश्यसहित सन्तुलित नीति तय गर्दै आएका छौँ ।

जिल्लामा वर्षायामको समयमा गोलियालगायत वनजन्य सामग्री निकासीमा रोक लगाइने गरेको छ । डिभिजन वन कार्यालयका सूचना अधिकारी खत्रीका अनुसार कच्ची सडकमा ठूलो परिमाणमा वनजन्य सामग्री बोक्ने ट्याक्टरलगायत सवारीले क्षति पुऱ्याउने भएकाले स्थानीय तहहरुले वर्षायाममा वनजन्य सामग्री निकासीमा रोक लगाउने गरेका छन् । प्रत्येक वर्ष असार, साउन र भदौ महिनामा वनजन्य सामग्री कच्ची सडकबाट निकासीमा रोक लाग्ने गरेको छ । यसरी रोक लाग्ने क्रम विगतका वर्षहरुबाटै चलिरहेको छ ।

### नेपालीहरूमा ...

अन्य देशहरूले अपनाएको जस्तै नेपालले पनि ज्वरो तथा एक्सरेका रिपोर्टहरू स्वीकार्नु उचित हुनेछ- उनले भने । उनले वायुसेवा कम्पनीहरूले सामान्य अवस्थाकै जस्तो भाडादरमा लगिदिन स्वीकार गरिरहेको र आवश्यकता अनुसार संघले पनि सहयोग गरिरहेको बताए । वीवीसी

### ५४ जना ...

कार्यक्रममा नेपाली कांग्रेस विर्तामोड नगर सभापति भोजराज सिटौला, नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दीपक तामाङ, नेपाल ट्रेड युनियन कांग्रेसकी केन्द्रीय सदस्य उर्मिला पोखरेल, नेपाल ट्रेड युनियन कांग्रेसका प्रदेश उपाध्यक्ष दीपक प्रधान, प्रदेश सहसचिव यमुना ओली खरेल, प्रदेश सदस्य रणदेव हजाम, नेपाल ट्रेड युनियन कांग्रेस झापाका वरिष्ठ उपाध्यक्ष गंगा ओडारी, उपाध्यक्ष अशोक गिरी, नेपाल यातायात मजदुर संघका केन्द्रीय सदस्य यादव ओली, नेपाल रिक्सा तथा ठेला श्रमिक संघ झापाका अध्यक्ष देवीप्रसाद राजवंशी लगायतले राहत वितरण गरेका थिए ।

समाजसेवी तथा निर्माण व्यवसायी शेरबहादुर थापा, नेपाल ट्रेड युनियन कांग्रेस झापाकी सचिव राजकुमारी शेर्पा राई, सहसचिव जीवनकुमार खड्का, नेपाल चिया बिकास निगमलगायतले राहत सामग्री उपलव्ध गराएको नेपाल ट्रेड युनियन कांग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीले जानकारी दिए ।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण बिर्तामोड नगरका अटो रिक्सा, ठेला, रिक्सा, ई-रिक्सा चलाउने बिपन्न परिवारका श्रमिक भोकभोकै बस्ने अवस्था आएकाले उनीहरुको सुख दु:खको सारथी बन्दै राहत बितरण गरेको उनले बताए । कार्यक्रमको सञ्चालन नेपाल ट्रेड युनियन कांग्रेस झापाकी सचिव राजकुमारी शेर्पा राईले गरेकी थिइन् ।

### पूर्वाञ्चल ...

बिर्तामोड उद्योग वाणिज्य संघको कार्यालयमा भएको कार्यक्रममा पत्रकार महासंघ झापाका कार्यसमिति सदस्य रमेश तिवारी, सन्तोष शर्मा, पत्रकार अनिल ढुंगाना, पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारी, पूर्वाञ्चल डेली डटकमका संयोजक नरेन्द्र ढकाल, उपसम्पादक तुलसीप्रसाद निरौलाको सहभागिता थियो ।

त्यस्तै आईपीएसको तर्फबाट अध्यक्ष उप्रेती, सचिव चन्द्रप्रकाश बाँस्कोटा, कोषध्यक्ष गणेश मगर, सदस्यहरु दीपक पोखेल, प्रशान्त राजवंशी, सुमन विष्ट, सुशील थापाको सहभागिता थियो ।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कगर्नुहोस् ।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

## कविता

# संकटको छाल

विश्व कोरोनाको त्रासमा
दलाल पैसा कमाउने आशमा
नेता दलालको साथमा
एकता गजबको छ सरकार

बेसाहाराको आखामा आँशु
पिपाशुको मुखमा छ मासु
वाह रे वाह ! नेपाली जनता
मानवता हरायौ कोरोना लाग्दा



सन्तोष अधिकारी
हल्दिवारी–१, गोलधाप

सबै मिलि लड्ने हो
मरेसँगै मर्ने हो
चुनाव फेरि आउँदै छ
दलाल नेता फेर्ने हो

मानवता न बिर्स है
मेरो बिन्ती छ तिम्लाई
सङ्कटको बेला सबै जुटौ
भ्रष्टाचारी र दलालको जिब्रो लुछौ

नगर भेदभाव कसैमा
कोरोना फैलिएको छ बिश्वमा
खाद्य सङ्कट निम्तिएको छ
सबै मिलि बाँडिचुँडी खाउ
आफू पनि बचौँ
अरुलाइ पनि बचाऔं ।

# अधिकार !!!

हामी पनि स्कुल जान
पाए कस्तो हुन्थ्यो होला
सफा स्कुल ड्रेस लगाई
आहा ! बोक्न पाए झोला

स्कुल जान्थ्यौँ साथीसङ्गी
खोल्थ्यौँ सबले मनका कुरा
पढी, लेखी खुशी साथमा
गर्थ्यौँ आफ्ना काम पूरा



विष्णु निरौला आचार्य

तर कठै ! कहिले आउला
हाम्ले स्कुल जाने दिन
ड्रेस छैन के ले किन्ने
बाको थाप्लो भरि ऋण

कस्ले किनि दिन्छ हाम्लाई
कापी, कलम, किताब ,झोला
साँच्चै स्कुल जान पाए
डोको विश्राम पाउँथ्यो होला

आमा ज्यादै दुःखी हुन्छिन्
अरु स्कुल गा'को देख्दा
पल्लो घरको साहुकी छोरी
घर आई चित्र लेख्दा

सम्झँदी हुन् मन मनै
हाम्रा पनि छोरा छोरी
पढ्न लेख्न पाउँदा हुन् त
चित्र कोर्थे यसैगरी

तर आमा हामी गरीब
डोको, नाम्लो हाम्रो साथी
पढ्ने, लेख्ने अवसर पाए
हामी पनि पुग्थ्यौँ माथि

राज्य भन्छ भोको, नाङ्गो
अब दुखी हुन्न कोही
साक्षर नेपाल घोषणा भो
तर हाम्रो अधिकार खोई ??

## कथा

# देउरालीको घुमाउने चौतारीमा कोरोना विज्ञहरु



भुवन तामाङ

देउरालीको घुमाउने चौतारीमा छ सात जना युवा भेला भइसकेका छन् । लकडाउनले थुनिएर छट्पटिएका उनीहरु घरमा बसिरहन नसकी प्रायशः चौतारोमा भेला हुने गर्दछन् । बिहानको भात खाएर आज पनि भेला भएका उनीहरु कोरोना बहस छेड्दछन् । मानौ उनीहरु कोरोना विज्ञहरु हुन् ।

खन्द्रे चौतारोमा उपरखुट्टी लाएर ठाँटसँग बस्छ र सोधिहाल्छ, 'होइन हाव यो कोरोना भाईरस कहिले सकिन्छ हँ साथी हो ? यसो डुल्नघुम्न पनि पाइँदैन । हाटबजार पनि लाग्दैन । खेतबारी र घरको काम गर्दागर्दा वाक्कैब्याक्कै पो भइसकियो त ।' खन्द्रेको शब्द भुँइमा खस्न नपाउँदै डबके बोल्छ-'जबसम्म धुइँपत्ताल खोज्दा एउटा पनि कोरोना भाइरस भेटिन्न नि अनिमात्र कोरोना भाइरस सकिन्छ ।' डबकेले यत्ति भनेको मात्र के थियो युवाहरु देउराली नै उचालिने गरी हाँस्छन् । यत्तिकैमा लुसे विज्ञता ओकल्न थाल्छ, 'तिमीहरुले टीभी हेरेनौ ? डब्लुएचओकी प्रवक्ता मार्गरेट ह्यारिसले केहीदिन अघि जेनेभामा भएको कार्यक्रममा विश्वका सबै स्थानबाट कोरोना भाइरस नसकिएसम्म यसको अन्त्य हुँदैन भनेकीछिन् ।' यो सुनेपछि त केटाहरु भुँडी थलथल पार्दै हाँस्छन् । हाँसो रोक्न खोज्दै तीनशेरे भन्छ- 'ती प्रवक्ताले भनेजस्तो त लाटाले पनि भन्न सक्छ नि हाव कि कोरोना विश्वको सबै स्थानबाट हराएपछि यसको अन्त्य हुन्छ । होइन यति भन्नलाई तिनलाई डब्लुएचओले करोडौँ डलरको जागिर देको ? बरु हाम्रो डबकेको कुरो धेरै ठीक, जबसम्म धुइँपत्ताल खोज्दा एउटा पनि कोरोना भाइरस भेटिन्न नि अनिमात्र कोरोना भाइरस सकिन्छ ।' डब्लुएचओभन्दा बढी जान्ने भएकोमा सबैले डबकेलाई बधाइ दिन्छन् । बधाई पाएपछि डबके गजक्क परेर सानो होइन ?

खैनी माड्दै भुक्के सोध्छ- 'होइन कोरोना भाइरस भनेको हो चाहिँ के ?' अघिसर्दै असिने प्रस्ट पार्छ- 'यो सार्स, मर्स, इबोला भाइरस जस्तै तर खतरनाक भाइरस हो । जो प्रोटिनयुक्त हुन्छ र त्यसलाई बोसोले ढाकेको हुन्छ भनेर समाचारहरुमै भनिसकेका छन् त ।' भुक्के पुनः सोध्छ, 'धत्तेरी यस्तो त सबैलाई थाहा छ । मैले जान्न खोजेको के हो भने यो सास् भाको हुन्छ कि नभाको ?' उत्तरमा असिने भन्छ- 'अब हाम्रै देशका प्रधानमन्त्रीले भनेको कुरा पत्याउने हो भने कोरोना भाइरस सास् भाको पनि हो र नभाको पनि ।' असिनेको कुरा सुनेर सबै खितित्त हाँस्छन् र चनाखो हुँदै कान ठाडो पारेर सुन्छन् । असिने थप भन्छ- 'प्रधानमन्त्रीले भनेका छन् कि, कोरोना भाइरसको बोसो साबुनपानीले पगालेपछि त्यो मर्छ । उनले यो पनि भनेका छन् कि यो जिवित नभएकाले मर्ने कुरा भएन । बुझिस् त भुक्के ?' बीचैमा तीनशेरे भन्छ- 'यी मुला हो तिमेरलाई केही थाहा छैन रछ । ल सुन, म भन्छु कोरोना के हो भनेर ।'

सबै तीनशेरेतिर हेर्छन् । 'कोरोना भाइरस भनेको एक प्रकारको ढुसी हो ।' तीनशेरेको कुरा सुनेर केटाहरु हाँसेर भुतुक्कै पर्छन । यत्तिकैमा बुच्चे सोध्छ- 'ढुसी भनेको चाहिँ के हो नि तीनशेरे ? उत्तरमा तीनशेरे भन्छ- 'ढुसी भनेको ढुँडी हो क्या ।' युवाहरु हाँसेर चौतारो जुरुक्कै उचाल्छन् । तीनशेरे एकछिन् रोकिएपश्चात भन्न थाल्छ- 'कुनै चिज धेरै ओसियो भने ढुँडी पर्छ नि हो त्यस्तै हो कोरोना । त्यै भएर जाडोमा धेरै असर गर्छ भनेका हुन् क्या । यदि कुनै चिजमा, खानेकुरामा ढुँडी पर्यो भने त्यो चिज बिग्रन्छ कि नाई ? हो त्यसरी नै मान्छेको लङ्सभित्र कोरोना भाइरसरुपी ढुँडी पसेपछि त्यो बढ्दै जान्छ र लङ्सको सेलहरु नष्ट पार्दछ । कोरोना भाइरस बोसोले ढाकिएको प्रोटिनको कण हो ।  बोसो पगाल्न सके वा मानिसको शरीरमा एन्टिबडी बढाएर भाइरस बढ्न नदिएपछि कोरोना नष्ट हुन्छ ।' तीनशेरेले यत्ति के भनेको थियो दुईतीनजना भएर तीनशेरेलाई चौतारोबाट पर उछुट्याइ दिन्छन् र भन्छन्-



'कहीँ नभाको विज्ञ ?'

यत्तिकैमा मुड्के भन्छ, 'वास्तवमा तीनशेरेले भनेको ठीकै हो ।' यत्तिकैमा खन्द्रे प्याच्च भन्छ- 'ल यो जान्ने आयो कहींको ।' मुड्के जोडदिँदै भन्छ- 'कोरोना भाइरसको बाहिरी परत बोसो पग्ले पछि त्यसको विनिर्माण हुन्छ । भन्नुको मतलब डिकन्स्ट्रक्सन् हुन्छ ।' बीचैमा एउटा बोल्छ- 'डेरिडाको डिकन्स्ट्रक्सन्को सिद्धान्त यसले पुरै घोकेछ कि क्या हो ।' अर्को भन्छ- 'पहिला उसलाई भन्न त दे ।'

मुड्के भन्न थाल्छ- 'डिकन्स्ट्रक्सन् गर्न साबुन पानी खाने कुरा त भएन तर हातमा, जीउमा, लुगामा र सरसामानमा भएको कोरोना भाइरस डिकन्स्ट्रक्सन् हुन्छ । लङ्सभित्र पुगेको कोरोनालाई डिकन्स्ट्रक्सन् गर्न चाहिँ दिनमा कम्तीमा चारपटक तातो पानी सेवन गर्ने र कम्तिमा दुईपटक तातो पानीको स्टिम लिने । चीन, कोरिया, ताईवान, जापानमा यही विधि प्रभावकारी भएको हो । जहाँ उमालिएका तात्तातो खानेकुरा या तातो सुप खाने चलन छन् त्यहाँ कोरोना भाइरस नियन्त्रण भएको छ । नेपाल र भारतमा पनि तुलसी, मरिच या कागती पानी उमालेर सेवन गर्दा कोराना बिरामी निको भएका पाइएका छन् । र, जहाँ ठण्डा पेय, जुस र चिसा खानेकुरा खाने संस्कृति छ त्यहाँ महामारी थामिएका छैनन् ।' यति भन्नासाथ केटाहरुले मुड्केलाई बेहुली बोके जस्तैगरि बोकेर चौतारो वरिपरि घुमाउँछन् र पुनः चौतारोमै लगेर थचार्छन् अनि गलल हाँसेर मज्जा लिन्छन् । यत्तिकैमा नुरे सोध्छ, 'यो कोरोना भाइरस त अमेरीका कि चीनले पो बनाको भन्छन् त मान्छेहरु ।' केटाहरु भन्छन्- 'लु तँईले नै भन्दे न त ।' नुरे भन्न थाल्छ- 'कोरोना भाइरसमा एचआइभी एड्स भाइरसको गुण पाइएकाले अमेरीकाले कोरोना भाइरस बनाएको आशंका गरिएको छ । किनकि एचआईभी एड्स भाइरस अमेरीकाले बनाएको विश्वास गरिन्छ ।' नुरेले यति के भनेको थियो उसलाई सबै मिलेर ढकार आउन्जेल ढाडमा मुड्क्याउँछन् कहींको एचआईभी एड्स विज्ञ आयो भनेर । तै पनि नुरे बोल्न छाड्दैन, 'चीनलाई हराउन अमेरीकाले कोरोना भाइरस बनाएको चीनको विश्वास छ भने अमेरीकालाई हराउन चीनले कोरोना भाइरस बनाएको अमेरीकाको विश्वास छ । जसलाई युद्धकै रुपमा पनि ब्याख्या गरियो ।'

यत्तिकैमा विचारे विचार गर्दै भन्छ- 'हाव अनि कोरोना भाइरसबाट बच्ने औषधी या खोपचाहिँ आउँदैन ? यी हाम्रै देश नेपालमा कोरोना बिरामी बढेका बढ्यै छन् । के थाह हामीसम्म पनि आइपुग्छ कि ?' बीचैमा लुसे भन्छ- 'मैले चाहिँ जानेको के हो भने नाथे कोरोना भाइरसलाई भेटेँ भने नि त्यसलाई लिखालाई जस्तैं दुईटा नङ्गको बीचमा च्यापेर पिटिस्सै पारेर मारिदिन्छु ।' लुसेको खैँरात रहेन । उसलाई केटाहरुले चौतारोबाट निकाला नै गरिदिन्छन् । बीचैमा तीनशेरे भन्छ- 'कडा मर्च हालेको छिप्पेको भाती जाँड दिनको तीनशेर खानुपर्छ त्यस्ता कोरोना सोरोना कुलेलाम ठोकोना हुन्छ । डबके पनि के कम ? उसको पनि नाम त्यसै डबके रहेको होइन । उ पनि भन्छ- 'दिनको दुईचारेक डबका कोदोको जाँड धोक्नु पर्छ कि त्यो कोरोना नै मातेर ल हुन्छ ।' तीनशेरे र डबकेलाई पनि केटाहरुले चौतारोबाट निकाला गरिदिन्छन् ।

लु भएन भन्दै थुतुने भन्छ- 'तर म त्यसो भन्दिन ।' केटाहरु एकै स्वरमा सोध्छन्- 'अनि के चाहिँ भन्छस् त ? थुतुने थप भन्न थाल्छ- 'मान्छेले प्रमाणिक कुरामात्र बोल्नु पर्छ क्या । दवाई त चीन, भारत, अमेरीका, इटली, बेलायतदेखि इजरायसम्मले बनाइरहेको दाबी गरेका छन् तर तिनीहरुले प्रभाकारीरुपमा काम नगर्न सक्छन् । एउटा सम्भावना यो पनि छ कि, एचआईभी, इभिएनइन्फ्लुएन्जा, सार्स, मर्स भाइरस बिरुद्धको अचुक औषधि बनाउन नसकेजस्तै कोरोना भाइरस नष्ट पार्ने औषधि या खोप कहिल्यै नबन्न पनि सक्छ भनेर अन्तर्राष्ट्रिय इजेन्सीहरुले भनिरहेका छन् । त्यसैले मानिसहरु स्वयम् नै सचेत हुन जरुरी छ ।'

आत्तिदै हर्के भन्छ- 'हैट असम्भव कुरा नगरौ न हौ । बरु नेपालमै दवाई बनिसको नि । त्रिभुवन विश्वविद्यालय वनविज्ञान प्रयोगशालामा प्रा. ललितकुमार दासले हर्बलबाट कोराना भाइरस नष्टगर्ने दवाई बनाएका छन् रेन्त । डब्लुएचओले पनि चासो लिएको समाचार आएको छ । नेपालकै दवाई ठीक हो नि । होइन त साथी हो ?' केटाहरु हर्केको कुरामा हो मा हो मिलाउँदै राष्ट्रप्रेम दर्शाउँदै 'नेपाली दवाई नै ठीक हो' भन्न थाल्छन् । कति अरु मात्र विश्व गुरु बनेको ध्वाँस पिट्छन् हँ ? कोरोना भाइरसको दवाई बनाउनेमा चाहिँ नेपाल नै विश्व गुरु बन्नुपर्छ भन्दै केटाहरु हा हा र हु हु गर्दै रमाउँदै बुरुक्क बुरुक्क गर्दै देउरालीको घुमाउने चौताराबाट बेपत्ता हुन्छन् ।

लघुकथा

# खञ्चुवा हेडसर



तुलसीराम खरेल

लकडाउनले अढाइ महिना पारगरिसकेको छ । बजार ठप्प छन् । बिद्यालय पूर्णरुपले बन्द छन् । खाद्यान्नका पसलहरु आलोपालो गरेर सीमित समय सीमाभित्र खुल्ने गर्दछन् । रुपनारायणले यही बन्दको सदुपयोग गरेर बिद्यालयमा केही काम गर्ने भनेर सोचे । गाउँको आधारभूत बिद्यालयका प्रधानाध्यापक रुपनारायणको रुप नारायणकै जस्तो । तर, गुण भन्ने कुरा नाम अनुसार कहाँ पो हुँदोरहेछ र ! बिद्यालयसँग जोडिएका केही अभिभावकहरु त्यसै भन्दथे । पद्मोदय स्कुलवाट सरुवा मिलाएर गाउँको स्कुलमा आएको एकै बर्षमा प्रधानाध्यापक याने हेडसर भएका रुपनारायणले स्कुलमा बजेट त धेरै पार्थे तर कामचाहिँ त्यति भएको देखिन्नथ्यो । उनको सम्पर्क नगर, जिल्ला हुँदै निकै माथिसम्म छ भन्थे मानिसहरु । चुनावको बेलामा पार्टीको झण्डा बोकेर प्रचारमा दुई महिनासम्म दौडेका रुपनारायणको बारे गाँईगुइ गाउँभरि व्याप्त थियो । कहिलेकहीँ त पार्टीका नेता मात्र होइन मन्त्री नै आफैँ झैँ लाग्ने गरी कुरा कथुर्थे रुपनारायण ।

गाउँपालिकाको कार्यालयमा रुपनारायण एउटा फाइल बोकेर कहिलेभित्र कहिले बाहिर गरेको देखिन्थे । प्राविधिकको कोठा, प्रशासनकक्ष, अनि बाथरुम कुधिरहेका रुपनारायणको त्यो अवस्था त्यहाँ गएका सेवाग्राही अनुपले नियालिरहेका थिए । प्राविधिक फाँटमा उनले ल्याएको बिल पास गर्न नसकिने कुरा प्राविधिकले बताइरहेका थिए । लगभग एकसय वर्ग मिटरको सौचालयका टायल्सको क्षेत्रफल हुनुपर्ने त्यहाँ छ सय वर्ग मिटरको बिल पेश गरिएको रहेछ । त्यस्तै गाउँपालिका र भूपु बिद्यार्थी मञ्चको सहयोगमा सभा हल र सिलिङ बनाइएकोमा 'देखादेखी दुई गुणा भन्दा बढी लागत पेश गरिएको' भन्दै थिए प्राविधिक ।

गाउँको बिद्यालयको भौतिक तथा शैक्षिक अवस्थामा कायापलट गर्छु भन्दै कसम खाएर हेडसर भएका थिए रुपनारायण।तर शैक्षिक अवस्था टीठलाग्दो थियो । भौतिक पक्ष त्यस्तै उस्तै । उनले लकडाउनकै बेला केहीदिन अघिमात्र गापाका केही कर्मचारी बोलाई चोकको एक होटेलमा कुखुराको मासुसहित मदिरापान गराई होहल्ला मच्चाएको कुराले गाउँमा चर्चा कमाइसकेको थियो । बन्दाबन्दी झण्डै तीन महिना हुन लागेको र गाउँका बिपन्न बिद्यार्थीको शैक्षिक अवस्थाको खासै चासो उनको अनुहारमा देखिन्नथ्यो । त्यसदिन गाउँ कार्यपालिकाको वरपर भेलाभएका अनुप लगायतका मानिसहरु रुपनारायणभित्रको खञ्चुवारुपको चर्चा गरिरहेका थिए ।

*(कोही कसैको जीवनमा मेलखाए संयोग मात्र हुनेछ ।)*

tulasikharel2015@gmail.com

# मुस्कुराउँदै वर्षा



चर्को आलोचना र विवादमा घेरिएपछि केही दिन तनावमा रहेकी नायिका वर्षा राउत मुस्कुराउन खोजिरहेकी छिन् । नायिका वर्षा राउतको पछिल्ला केही दिनका स्टाट्स हेर्ने हो भने उनको अनुहारमा मुस्कान फर्किएको छ ।

हुन त कलाकार भइसकेपछि विवादमा पर्नु नौलो कुरा होइन । तर यसपटक वर्षाले भोगेको विवाद र आलोचना अरूभन्दा फरक थियो । करिअरमा आजसम्म यति धेरै आलोचना नभोगेकी यी नायिकाका लागि यो घटना अप्रत्याशित नै थियो । तर, कहिलेकाहीँ बोल्ने क्रममा बोली चिप्लिँदा त्यसले करिअरमै असर पर्छ भन्ने सायद वर्षाले बुझेको हुनुपर्छ । वर्षाको यो घटना अरू कलाकारका लागि पनि ठूलो पाठ हो । नायिका वर्षा लेख्छिन् -'तपाईंले लगाउने कुनै कुरा तपाईंको मुस्कानभन्दा महत्वपूर्ण हुँदैन ।' यसबाट पनि उनी मुस्कानको महत्व बुझाउन खोजिरहेकी छिन् ।

नायिका राउतका दुई चलचित्र '२ नम्बरी र के घर के डेरा' छायांकनको क्रममा छ । यसपछि उनले 'नाइँ नभन्नु ल ६' मा काम गर्ने चर्चा छ ।

# निरुको ब्वाइफ्रेण्ड !

कथा



अमित संग्रौला

निरु मेरो साथी । दुबईमा हाम्रो पहिलो भेट भयो । परदेशमा सुख-दुःख बाड्ने साथी । एउटै कम्पनीमा काम गर्ने भएकोले निरु मेरो मिल्ने साथी भई । हामी मार्केट पनि सँगसँगै जान्थ्यौ ।

निरु बिबाहित थिइ तर, म विवाह नगरेको मान्छे । मन भुलाउने साथी तर नराम्रो दृष्टिले चै होइन । हरेक हप्ता शुक्रबार छुट्टि हुन्थ्यो । परदेशमा बसिएको छ । यहाँ कति दुःख छ । 'पीडा कम गर्न भए पनि' प्रायजसो छुट्टीमा उ र म बसेर बियर पिउने गर्थ्यौं । निरु मज्जाले पिउँथी । कहिलेकाहिँ व्हिस्की किनेर लग्थी कोठामा । मलाई असल साथी मान्थी । बजार जानुपर्यो । किनमेल गर्नुपऱ्यो भने मलाई फोन गर्थी । ऊनीसँग मेरो आत्मीयता बढ्दै थियो । मोटी थिइ । म पातलो ख्याउटे थिए ।

हर कुरा शेयर हुन्थ्यो । प्रेम र कहिलेकाहिँ सेक्सको कुरा गर्थी । एकदिन मलाई सोधेकी थिइ 'तिमीले सेक्सको अनुभव छ कि छैन भनेर सोधी ।' रक्सी खाएर मातेको दिन छ भने रुन थाल्थी । हरेक हप्ता म बियर किनेर ल्याउँथे । बियरको पैसा चाहिँ ऊ दिएर पठाउँथी । हरेक दिन हर समय नजिकिँदै गयौं । निरुसँग एक किसिमको प्रेम बस्यो ।

निरु मसँग भन्थी कहिलेकाहिँ 'म बुढोसँग खुसी छु तर मलाई असल साथी चाहिएको छ ।' जो जीवन हर समय मलाई साथ र सहयोग गरोस् एकदिनको कुरा हो । हामी बियर पिउँदै थियौं । उसको बुढो दुबई भिजिटमा आउने कुरा गरी  । केही समयको अन्तरालमा उसको बुढो आयो दुबई । मलाई त्यसपछि मलाई फेसबुकमा अनफ्रेन्ड गरि । तर, फोन चाहिँ गर्थी । भेट पनि त्यस्तो धेरै हुन छाड्यो । हामी ड्युटी पनि एउटै बसमा जान्थ्यौँ । अफ्रिकन काला जातिहरु उसका साथीहरु थिए केही केटीहरु थिए । उसको बुढोलाई देखाउँदै हिज माइ हसबेन्ड भनी । हामी ड्युटी जानलाई बसमा भित्र छिर्यौं । उसका केही साथीहरूलाई देखाउँदै । मतिर देखाउँदै हि इज माइ ब्वायफ्रेन्ड ।

अहिले हाम्रो अकुमेडशन पनि चेन्ज भयो । पहिला सँगसँगै थियो । निरु पनि डे सिफ्टमा गइ । अहिले फोन समेत हुँदैन । बोलचाल नभएको बर्षौं भयो । अहिले फेसबुकमा पनि साथी छैन । आज म सोचिरहेकोछु म पनि पहिला निरुको ब्वायफ्रेन्ड थिएँ । (हाल दुबई)

# लकडाउनमा जानकी मन्दिर







देश लकडाउन हुँदा आमनागरिक सँगै जानकी माता पनि लकडाउनमा परेकी छन्। सामान्य दिनहरुमा पाइला टेक्न हम्मे-हम्मे पर्ने जानकी मन्दिर सुनसान भएको छ। नित्य पूजा बाहेक।

सर्वसाधारणका लागि मन्दिर पूर्ण रूपमा बन्द रहेको छ। श्रीराम र सीताको बिबाह मण्डप पनि यही मन्दिर प्राङ्गणमा भएको धार्मिक ग्रन्थहरुमा उल्लेख भएको छ।

यो हिन्दू-कोइरी नेपाली वास्तुकलाको एक उदाहरण हो। यो प्रायः नेपालमा कोइरी वास्तुकलाको सबैभन्दा महत्वपूर्ण मोडेल मानिन्छ। पूर्णरूपमा चम्किलो बनेको र मुगल र कोइरीशैलीका गुम्बतहरु छन्। ४८६० वर्ग फिट क्षेत्रफलमा मुगल र कोइरी गुम्बजहरूको मिश्रित शैलीमा निर्माण गरियो।

यो तीन मञ्जिला संरचना हो, जुन पूर्ण रूपमा ढुगा र संगमरमरले बनेको हुन्छ। यसका सबै कोठाहरू नेपालको झण्डा, रंगीन गिलास, नक्कादी, र चित्रहरू, सुन्दर ल्याटिस विण्डोज र बुर्जको साथ सजाइएको छ।

पौराणिक कथा र महाकथाका अनुसार, राजा जनकले रामायण कालमा यस क्षेत्रलाई (विभीहा भनिन्छ) शासन गरे। उनकी छोरी जानकी (सीता), आफ्नो स्वयम्बरको समयमा, भगवान रामको आफ्नो पतिको रूपमा चुनिएको थियो। विवाह समारोह नजिकैको मन्दिरमा भएको थियो हाल पनि विवाह मण्डप रहेको छ। जानकी मन्दिरलाई युनेस्कोले सन २००८ मा अस्थायी साइटको रूपमा तोकेको थियो।

**तस्वीरहरुः शरद जोशी**

# अलपत्र ५११ नेपालीको उद्धार

**झापा, जेठ ३०।** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले बिहीबारसम्म विदेशमा अलपत्र परेका ५०० भन्दा बढी नेपालीको उद्धार गरिएको जनाएको छ।

गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तका अनुसार बिहीबार मात्र कुवेत सरकारको सहयोगमा २९९ नेपाली स्वदेश फर्किएका छन्। अध्यक्ष पन्तका अनुसार कुवेतको घर फिर्ती शिविरमा थप दुई हजार ९९१ जनालाई हरेक दिन दुई उडान गरी फर्काउने तयारी भएको छ। गैरआवासीय नेपाली संघ कुवेत र नेपाली दूतावासको समन्वयनमा उनीहरुलाई नेपाल फर्किन सहयोग गरिएको थियो।

अहिलेसम्म म्यानमारबाट २६, खाडी मुलुक दुबईबाट १६८, अष्ट्रेलियाबाट ११, जापानबाट सात र कुवेतबाट २९९ गरी पछिल्लो समय ५११ जनालाई उद्धार गरिसकिएको सङ्घले जनाएको छ। कोरोना भाइरसको सङ्क्रमणपछि महिला, बालबालिकालगायत निकै कष्टकर अवस्थामा रहेका नेपालीको सहयोगका निम्ति गैरआवासीय नेपाली सङ्घ, अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एनसीसी, कुवेत र युएईलाई छ हजार डलर सहयोग गरेको थियो।

अध्यक्ष पन्तले बाँकी अन्य नेपालीको उद्धारका लागि यथाशीघ्र पहल गर्न नेपाल सरकारलाई आग्रह गर्नुभएको छ। विभिन्न मुलुकबाट कूल ५० हजार ९३ जनाले निवेदन दिएकामा प्राथमिकताका आधारमा परराष्ट्र मन्त्रालयले चार्टर्ड विमानमार्फत २४ हजार १४८ जनालाई मात्र फिर्ता ल्याउन सिफारिस गरेको छ। कोभिड-१९ को प्रभावका कारणले मलेशिया र खाडी देशमा मात्र करिब २० हजार नेपाली पहिलो चरणमा उद्धारको पर्खाइमा छन्।

यस्तै सङ्घका कोषाध्यक्ष महेश श्रेष्ठका अनुसार कोभिड-१९ को ठूलो प्रभाव रहेका ११ मुलुकमा सङ्घले करिब रु. ७० लाख आर्थिक सहयोग गरेको छ। यसअघि गैरआवासीय नेपाली संघले अप्ठ्यारोमा परेका नेपालीको उद्धारका लागि सहयोग गर्न आफ्ना विदेशस्थित शाखा (राष्ट्रिय समन्वय परिषद्) लाई तयारी अवस्थामा रहन निर्देशन दिइसकेको छ।

## ट्याक्टर दुर्घटनामा बालिकाको मृत्यु

**भोजपुर, जेठ ३०।** भोजपुर रामप्रसादराई गाउँपालिका-५ बस्ने १४ बर्षीया पुष्पा पराजुलीको ट्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ।

रामप्रसादराई गाउँपालिका-५स्थित भित्री सडकखण्डमा को२त ८७१४ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई सडकबाट अन्दाजी ५० मिटर तल झरी दुर्घटना हुँदा सोही ट्याक्टरमा रहेकी बालिका पुष्पाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ। ट्याक्टरमा रहेका अन्य ५ जना समेत घाइते भएकोले उनिहरुलाई थप उपचारको लागी बिराटनगरतर्फ ल्याउँदै गरेको उक्त कार्यालयले जनाएको छ। ट्याक्टर चालक भोजपुर आमचोक बस्ने ३५ बर्षीय मानबहादुर श्रेष्ठ नियन्त्रणमा रहेका छन्।

यसैगरी उदयपुर उदयपुरगढी-६ बस्ने ९ बर्षीया बिबिषा पाण्डेको ट्याक्टर दुर्घटनाबाटै मृत्यु भएको छ। उदयपुरगढी-७ बाघखोर स्थितमा को स १ त ५१०७ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुदा सोही ट्याक्टरमा रहेकी बालिका बिबिषाको घटनास्थलमै मृत्यु भएको जिलल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। ट्याक्टर चालक बिदुर पाण्डे नियन्त्रणमा रहेको र मृतक बालिका ट्याक्टर चालककै छोरी रहेको उक्त कार्यालयले जनाएको छ।

## बाबुको हत्या गर्ने छोरा पक्राउ

**सोलुखुम्बु, जेठ ३०।** सोलुखुम्बु महाकुलुङ गाँउपालिका-४ बाट आफ्नै बाबुको हत्या आरोपमा एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सोही ठाउँका १९ बर्षीय कुवेर राई रहेका छन्।

घरायसी बिषयमा ५७ बर्षीय सन्तकुमार राई र उनकै छोरा कुवेरबीच बादबिबाद भई झगडा हुँदा कुवेरले आगो फुक्ने फलामको ढुंग्रोले बाबु सन्तकुमार राईलाई टाउँकोमा प्रहार गर्दा उनको घटनास्थलमानै मृत्यु भएको भनी आफन्तले इलाका प्रहरी कार्यालय सोताङमा जानकारी गराएका थिए।

घटनाको जानकारी पाउनसाथ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु समेतबाट प्रहरी टोली खटि गई कुवेर राईलाई नियन्त्रणमा लिई घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ।

## पोखरीमा डुबेर नाबालिकाको मृत्यु

**सुनसरी, जेठ ३०।** सुनसरी देवानगञ्ज-७ रासी बस्ने जगरुप यादवको ५ बर्षीया छोरी लक्ष्मी कुमारी यादवको पोखरीमा डुबेर मृत्यु भएको छ।

घर निजकै रहेको पोखरी छेउमा खेल्ने क्रममा अचानक लडेर पोखरीमा डुबेको अवस्थामा आफन्तले तत्काल देखि उपचारार्थ लैजादै गर्दा निज नाबालिकाको बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। घटना सम्बन्धमा कानूनी कारबाही भइरहेको उक्त कार्यालयले जनाएको छ।

# पौवादुङमा अण्डा र तरकारीमा आत्मनिर्भर

**भोजपुर, जेट ३०।** पौवादुङमा गाउँपालिका तरकारी र अण्डामा आत्मनिर्भर बनेको छ।

गाउँपालिकाको अधिकांश क्षेत्र सुक्खाग्रस्त भए पनि गाउँपालिकाले किसानलाई प्लाष्टिक पोखरी निर्माणका लागि आर्थिक सहयोग गरेर प्रोत्साहन गरेसँगै गाउँपालिका तरकारीमा आत्मनिर्भर बनेको हो। किसानले वर्षात्को पानीलाई पोखरीमा जम्मा गरेर सिञ्चाइको व्यवस्था मिलाएका छन्।

आफ्नो क्षेत्रलाई भौगोलिक आधारमा विभाजन गरेर विभिन्न खाले बालीको पकेट क्षेत्र बनाएर काम गर्ने लक्ष्यका साथ कृषिको क्षेत्रमा लगानी गरिरहेको गाउँपालिकाले जनाएको छ। यसअघिका आर्थिक वर्षमा कृषि क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेर कृषकलाई प्रोत्साहन गरेकाले गाउँपीलिका अहिले तरकारीमा आत्मनिर्भर रहेको गाउँपालिका उपध्यक्ष सम्झना राईले जानकारी दिइन्।

उपाध्यक्ष राईले भनिन्- हामीले कृषिलाई प्राथमिकतामा राखेर विगतका वर्षहरुमा कृषि क्षेत्रमा लगानी गरेकाले अहिले हामी तरकारी तथा अण्डामा आत्मानिर्भर भएका छौँ, अहिले यहाँ उत्पादन भएको तरकार छिमेकी स्थानीयवासीमा समेत बिक्रीका लागि जाने गरेको छ, धेरै सुक्खाग्रस्त क्षेत्र भएकाले कृषिमा काम गर्न निकै चुनौति थियो, यद्यपि किसानलाई प्लाष्टिक पोखरी निर्माणमा प्रोत्साहन गरेर सिँचाइको व्यवस्था मिलाएका छौँ।

गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोगमा सुक्खाग्रस्त क्षेत्रभित्र पर्ने वडा नं. ४ बास्तीम, वडा नं ६ ठूलोदुम्मा, वडा नं. ५ सानोदुम्मामा किसानले अकबरे खुसार्नी, टमार, बोडी, बन्दा, काउलीलगायतको व्यावसायिक रूपमा खेती गरिरहेका छन्। त्यस्तै गाउँपालिकामा व्यावसायिक कुखुरापालन, बाख्रापालन, मौरीपालनमा लाग्ने किसानको संख्या पनि धेरै छ।

विगतका दिनमा बाहिरी जिल्लामा उत्पादन भएको अण्डामा निर्भर रहँदै आएको गाउँपालिका अहिले आफ्नै ठाउँमा उत्पादन भएको अण्डा अन्य ठाउँमा पठाउन थालेका छन्। गाउँपालिकाले कुखुरा पाल्ने किसानलाई चल्लासँगै अन्य आर्थिक तथा प्राविधिक सहयोग गरेपछि अण्डा उत्पादन वृद्धि भएको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए। स्थानीय किसानले उत्पादन गरेको अण्डाको बजारीकरणमा समेत गाउँपालिकाले सहयोग सहयोग गर्दै आएको छ। गाउँपालिकाले



नियमितरूपमा गर्भजाँच गराउने गर्भवतीलाई एकपटक गर्भजाँच गराएवापत एक क्यारेट अण्डा दिँदै आएको जनाएको छ। यसले पनि व्यवसायीलाई अण्डा बिक्री गर्न थप सहजता थपिएको छ।

गाउँपालिकाले व्यवसाय सञ्चालनमा अनुदान तथा प्राविधिक सहयोग गरेपछि व्यवसायी निकै उत्साहित छन्। तिवरी भञ्याङका दीपक सुवेदीले सञ्चालन गरेको फार्मबाट मात्र दैनिक एक हजार ८०० अण्डा उत्पादन भइरहेको छ। लकडाउनले होटल व्यवसाय बन्द हुँदा बिक्री वितरणमा केही समस्या भएको व्यवसायीको भनाइ छ। तर गाउँपालिकाले व्यवसायीलाई समस्या नहोस् भनेर ४० प्रतिशत अण्डा आफैँले खरिद गरी दिएको व्यवसायीको भनाइ छ। वडा नं २ तिवारीभञ्याङका व्यवसायी दीपक सुवेदीले भने- हामीसँग अहिले भोजपुर जिल्लालाई नै धान्न सक्ने अण्डा उत्पादन भइरहेको छ, लकडाउनले होटल बन्द हुँदा बिक्री वितरणमा केही कमी आएको छ तर गाउँपालिकाले उत्पादन गरेको ४० प्रतिशत अण्डा खरिद गरिरहेको छ, यसले धेरै राहत मिलेको छ।

व्यवसायी अनिता प्रधानले तरकारी तथा अण्डा बिक्रीबाट वार्षिक रु. छ लाखसम्म आम्दानी गर्दै आएको बताइन्। प्रधानले भनिन्- गाउँपालिका दिएको प्रोत्साहनले हामीलाई धेरै सहजता छ, गत वर्ष मात्र मैले तरकारी, खुर्सानी, अण्डा बिक्रीबाट रु. छ लाख आम्दानी गरेँ, गाउँपालिकाको कारण हामीलाई व्यवसाय गर्न सहजता छ, पहिला तरकारी किनेर खान्थ्यौँ, बाहिर बिक्रीका लागि बाहिर पठाउँछौँ।

उत्पादन भएको अण्डाले गाउँपालिकासँगै भोजपुरलाई नै पुग्ने व्यवसायीको दाबी छ। गाउँपालिका सञ्चालनमा आएसँगै व्यवसायमा लाग्न प्रोत्साहन मिलेको स्थानीय व्यवसायीको भनाइ छ। केही वर्षअघिसम्म अण्डामा बाहिर जिल्लाको भरमा बस्नुपरेको अवस्थामा गाउँपालिकाले कृषिको क्षेत्रमा गरेको कामलाई निकै सराहनीय रहेको स्थानीयवासीले बताउने गरेका छन्।


**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१

इलामः ०२७-५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाउ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan

MD फिजिसियन (PGI, Chandigarh) India

DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,

बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




**ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** काम गर्ने अवसर प्राप्त भए पनि प्रतिफल प्रतीक्षा गर्नुपर्ला। अरूको भरपर्दा आफ्नो काम प्रभावकारी काम नहुन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। आलोचकहरूलाई पनि व्यवहारले समेट्ने प्रयास गर्नुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मिहिनेत गर्दा नियमित काम सम्पादन हुनेछन्। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुऱ्याउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** लगनशीलताले नयाँनयाँ काम गर्ने अवसरसमेत दिलाउनेछ। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा धन लाभ भए पनि आत्मसम्मानमा बाधा पर्न सक्छ। मनोरञ्जनमा खर्च बढ्नेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** परिस्थितिले आँटेका काममा बाधा पुऱ्याउन सक्छ। वैधानिक प्रावधानले केही अप्ठ्यारो पार्नेछ भने अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सानातिना काममै अल्झनुपर्नेछ भने पहिलेका समस्या दोहोरिन सक्छन्। तापनि मिहिनेत गर्दा नियमित काम बन्नेछन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** थोरै भए पनि दिगो काम प्रारम्भ हुनेछ। केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन्। सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ। पर्यटनमा रमाईएला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सहपाठीहरू पछि पर्नेछन्। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ।